# माडी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## घर्तिगाउ, रोल्पा

लुम्बिनी प्रदेश,नेपाल

मिति : २०७९/१२/१०

प.सं. : २०७९/८०
च.नं. :

**पोषण सम्बन्धी आयमूलक कार्यक्रम संचालनका लागि प्रस्ताव आव्हान गरिएको सूचना।**
**प्रथम पटक प्रकाशित मिति: २०७९/१२/१० गते**

उपर्युक्त विषयमा महिला, बालबालिका र किशोर,किशोरीहरुमा विद्यमान रहेको कुपोषणलाई दीगो विकासको लक्ष्य अनुरुप कुपोषणको समस्यालाई समाधान गर्न र यसका विभिन्न कारकतत्वहरुलाई बहुक्षेत्रीय पोषणको अवधारणा अनुसार निराकरण गर्न विपन्न अवस्थाका मातृ शिशुहरुको पोषण अवस्थामा सुधार ल्याउन विपन्न महिला सहकारी वा समुहलाई आयआर्जनका लागि अनुदान प्रदान गर्ने उद्धेश्य अनुरुप "महिला सहकारी वा समुहमा बहुक्षेत्रीय पोषण सम्बन्धी 'आयमूलक कार्यक्रम संचालन कार्यविधी २०७८" बमोजिम आयमूलक कार्यक्रम संचालन गर्न इच्छुक यस माडी गाउँपालिका भित्रका संचालनमा रहेका तपशिलका आधार तथा मापदण्डै पुगेका महिला सहकारी वा समूहले अनुदानका लागि आवश्यक कागजात सहित यो सुचना प्रकाशित मितिले १५ दिन अर्थात २०७९ चैत्र २४ गतेभित्र यस कार्यालयमा प्रस्ताव पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ।

**तपशिल**

**क) प्रस्ताव छनौटको आधार**

१. स्थानीय तह भित्र रहेका दलित तथा जनजाती समुदायमा क्रियाशिल साविक महिला विकास कार्यक्रमबाट महिला सहकारी मध्ये सुनौलो हजार दिनका घर परिवारलाई फाईदा पुग्ने सहकारी तथा समुह लाई प्राथमिकता दिईने छ।
२. सहकारीहरु नभएमा सोही प्रकृतीका साविक महिला बिकास कार्यक्रमबाट प्रवर्द्धित महिला समूह, कृषक समुह वा स्वास्थ्य आमा समुह।
३. स्थानीय तहमा उत्पादन भएका वस्तुहरुको उपयोग र परिवार तहकै जनशक्ति प्रयोग गरि व्यवसाय सञ्चालन गरिने प्रस्तावलाई पहिलो प्राथमिकतामा राखिने छ।
४. बहुक्षेत्रीय पोषण योजनाबाट प्राप्त अनुदानको रुपमा परिचालन हुने प्रतिवद्धता भएका प्रस्ताव लाई प्राथमिकता दिईने छ।
५. महिला सहकारीको हकमा प्रचलित कानुन बमोजिम दर्ता भई सम्बन्धीत स्थानीय तह कार्यक्षेत्र भएको र महिला समुहको हकमा स्थानीय तहमा दर्ता भएको हुनु पर्ने छ।

**(ख) प्रस्ताव छनौटको मापदण्ड तथा सञ्चालन**

१. विपन्न समुदायका महिलाहरुको पुर्ण सहभागिता र नेतृत्वमा स्थानीय तह भित्र सञ्चालनमा रहेका महिला सहकारी मध्येबाट कुनै एउटा सहकारी संस्था/समूह छनौट गरिने छ।
२. स्थानीय तहमा महिला सहकारी संस्था क्रियाशिल नभएको अवस्थामा सहकारी निकाय: महिला विकास कार्यक्रम, गरिव संग विश्वेशवर कार्यक्रम, स्थानीय विकास कोष, स्थानीय शासन तथा सामुदायिक विकास

युवराज परियार
प्रमुख प्रशासकीय अधिकृत

कार्यक्रम, नागरीक सचेतना केन्द्र, कृषि बिकास, पशुसेवा, घरेलु विकासको समन्वय र सहजीकरणमा सञ्चालनमा रहेका महिला समुहलाई क्रमश: प्राथमिकता दिईने छ।

३. महिला समुह समेत नभएको अवस्थामा विकास साझेदार तथा गैर सरकारी संस्थाको सहजीकरणमा स्थापना भई विगत २ वर्ष देखी क्रियाशिल रहेका महिला समूह मध्येबाट समेत छनौट गर्न सकिने छ।

४. महिला सहकारीको हकमा प्रचलित कानुन बमोजिम दर्ता भई सम्बन्धीत स्थानीय तह कार्यक्षेत्र भएको र महिला समुहको हकमा स्थानीय तह वा वडा कार्यालयमा सुचिकृत भएको हुनु पर्ने छ।

५. अनुदान प्राप्त गर्ने महिला सहकारी वा महिला समूहले सामुदायिक वा व्यक्तिगत रुपमा व्यवसाय सञ्चालनका क्रियाकलापहरु गर्ने व्यवस्था मिलाउनु पर्ने छ।

६. सरकारी निकायबाट हाल सम्म कुनै पनि अनुदान प्राप्त नगरेका सहकारी तथा समुहलाई प्राथमिकता दिईने छ।

**पेश गर्नु पर्ने आवश्यक कागजातहरु**

१. महिला सहकारीको हकमा प्रचलित कानुन बमोजिम दर्ता भई सम्बन्धीत स्थानीय तहमा कार्यक्षेत्र भएको र महिला समूहको हकमा स्थानीय तहमा दर्ता भएको हुनुपर्ने छ।

२. संस्था दर्ता तथा नवीकरण भएको प्रमाण पत्रको प्रतिलिपि।

३. आर्थिक वर्ष ७८/०७९ को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि।

४. सहकारीको हकमा Copomis संचालन गरेको प्रमाण पत्रको प्रतिलिपि।

५. कार्यविधिको दफा ५ को उपदफा २ बमोजिम अनुसुची १ अनुसारको प्रस्ताव।

६. कार्यविधिको दफा ११ बमोजिम अनुसूची ४ अनुसारको व्यवसायिक योजना।

७. कार्यक्रम संचालन गर्ने बैठकको निर्णय र प्रतिबद्धता। कार्य समितिको नागरिताको प्रतिलिपि।

८. अनुदान प्रदान गरिने विपन्न सुनौला हजार दिनका आमाहरु तथा विपन्न सदस्यहको विवरण

९. कार्यविधिको दफा ९ को उपदफा ३ बमोजिम महिला समूहको हकमा एक वर्ष भित्र सहकारीमा रुपान्तरण हुने वा उक्त क्षेत्रमा कुनै आयआर्जन संग सम्बन्धीत सहकारी भएको खण्डमा सोही सहकारीमा समाहित हुने प्रतिवद्धता पत्र।

१०. सम्बन्धीत वडा कार्यालयको शिफारीस पत्र

०७९/१२/१०

(युवराज परियार)
प्रमुख प्रशासकीय अधिकृत

युवराज परियार
प्रमुख प्रशासकीय अधिकृत

नोट: हाल सम्म कुनै संघ संस्थाबाट अनुदान प्राप्त नभएका सहकारी वा समुहलाई प्राथमिकता दिइने छ। साथै थप जानकारीका लागि माडी गाउँपालिकाको पोषण संयोजक श्री अमर डाँगी सम्पर्क न ९८६०५९१३५४ मा सम्पर्क गर्नु होला।